नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #११५

२८ असोज २०७७

| २०७७ बैशाख १ देखि असोज २७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९५ | ६४ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २१३ | **४०२** | **१०१** | **४४७** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज २७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९३ | ६४ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ९४ | **३६७** | **१००** | **३२५** |
| **२०७७ असोज २७ देखि २८ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **०** | ० | ० | **०** | ० | ० | **०** | **०** | **०** | **०** |

# दैनिक विपद् बुलेटिन

२७ असोज विहान १०:०० बजेदेखि २८ असोज बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी आज ७ स्थानमा **आगलागी**का घटना घटेका छन् । यी घटनाबाट **३३ लाख ६० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ७ | ० | ३३,६०,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ७ वटा घट्ना भएको छ ।
- **दाङ्ग**को गढवा गाउँपालिका वडा नं २ गहुहारा पचहास्थित खेतमा थ्रेसरमा धान दाउने क्रममा ट्याक्टरको ईन्जिनमा अचानक **आगलागी** हुँदा ट्याक्टर पुर्णरुपमा क्षति र थ्रेसरको दुबै पङ्ग्रा जली **२१ लाख ६० हजार रुपैंया** बराबरको क्षति ।
- **दोलखा**को बैतेश्वर गाउँपालिका वडा नं ६ नाम्दुस्थित **मनास्लु डिस्टिलरी प्रा.लि.**मा बिजुली सर्ट भई **आगलागी** । अन्य क्षतिको विवरण आउन बाँकि ।
- **ललितपुर**को ललितपुर महानगरपालिका वडा नं ६ लगनखेलस्थित **पाटन औद्यौगिक क्षेत्र** भित्र रहेको **देव आल्मुनियम ईन्डेस्ट्रिक प्रा.लि.**मा बिद्युत सर्ट भई अचानक **आगलागी** हुँदा आल्मुनियम हिट गर्ने मेसिन जली **१२ लाख रुपैंया** बराबरको क्षति । ललितपुर महानगरपालिका वडा नं ३ बल्खु करिडोर स्थित **मेलम्ची खानेपानी आयोजना**को सरसमान राख्ने अस्थायी टहरामा **आगलागी** हुँदा जस्ता र कपडा जलि नष्ट ।
- **सल्यान**को सिद्धकुमाख गाउँपालिका वडा नं ३ फलाटेस्थित एक कच्चि घरमा बच्चाले आगो खेलाउने क्रममा **आगो सल्किन** गई घर पुर्ण रुपमा जली नष्ट ।

## घट्ना सारांश...

- **नवलपरासी**को मध्यबिन्दु नगरपालिका वडा नं ७ डण्डा चोरमारा बिच जङ्गल स्थित **पुर्ब पश्चिम राजमार्ग**मा भैरहवाबाट पूर्ब काठमाण्डौ तर्फ जाँदै गरेको ट्रकमा लोड गरी लगिरहेको नम्बर नखुलेको स्काभेटरमा अचानक **आगलागी** । आगलागीको कारण हालसम्म नखुलेको ।
- **कास्की**को पोखरा महानगरपालिका वडा नं १७ बिरौटास्थित एक घरको कम्पाउण्ड भित्र पार्किङ गरि राखेको मोटरसाइकलमा अचानक **आगलागी** हुँदा २ ओटा मोटरसाइकलमा क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट दमकल र स्थानीयको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

**असोज-२८ (बुधबार) (बिहान ७ बजे देखि २४ घण्टा)**

- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज देशैभरका स-साना नदीमा बहाब सामान्य हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइट:http://hydrology.gov.np/**

## वर्षाको सारांश

असोज २७ गते बिहान ०८:४५ बजे देखि असोज २८ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/२८ गते बिहान ०८:४५ बजे १९२ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालित: ६८ र स्वचालित: १२४) मा मापन गरिएको वर्षाको विवरण अनुसार कुनै पनि केन्द्रमा वर्षा भएको छैन।

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## आगामी तीन दिनको मौसम पूर्वानुमान

<u>असोज २८ गते (बुधबार)</u>

**दिउँसो :** प्रदेश १, बागमती प्रदेश र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा देशका बाँकी भू-भागमा आंशिक बदली रहनेछ। प्रदेश १ , बागमती प्रदेश र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

**राती:** प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केहि भू-भागमा आंशिक देखि सामान्य बदली तथा देशका बाँकी भू-भागमा आंशिक बदली रहनेछ। प्रदेश १, बाग्मती प्रदेश र गण्डकी प्रदेशका का एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

<u>असोज २९ गते (बिहिबार)</u>

**दिउँसो :** प्रदेश १, बागमती प्रदेश र गण्डकी प्रदेशका धेरैजसो भू-भागमा आंशिक देखि सामान्य बदली तथा देशका बाँकी प्रदेशमा आंशिक बदलि रहनेछ। प्रदेश १ , बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

**राती:** प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केहि भू-भागमा आंशिक देखि सामान्य बदली तथा देशका बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ। प्रदेश १ र गण्डकी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

<u>असोज ३० गते (शुक्रबार)</u>

**दिउँसो :** देशभर आंशिक देखि सामान्य बदली रहनेछ। प्रदेश १ , बागमती प्रदेश र गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ।

**राती:** देशभर आंशिक देखि सामान्य बदली रहनेछ। प्रदेश १ , बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ।

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**

http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind